म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः. ७ मितिः २०७८।१२।०१

**भाग-२**

**म्यागङ गाउँपालिका**

# लैङ्गिक समानता नीति २०७८

कार्यपालिकाबाट पारित मितिः २०७८/०७/१६

प्रमाणीकरण मितिः २०७८/०७/१६

**स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७८ चैत्र १ गते**

# लैङ्गिक समानता नीति २०७८

## १. परिचय

नेपालको संविधान २०७२ को प्रस्तावनामालैङ्गिक विभेदको अन्त्य गर्ने प्रतिवद्धता सहित आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालको संविधानको भाग ३ को मौलिक हकमा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, शोषण विरुद्धको हक, महिलाको हक, सामाजिक न्यायको हक लगायतका हकहरुको सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ मा राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रुपमा व्यवस्था गरी लैङ्गिक समानताको प्रवर्धनका लागि आवश्यक संवैधानिक संरचनाको व्यवस्था गरिएको छ । मुलुकी अपराध संहिता ऐन, २०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६, घरेलु हिंसा (कसूर र सजाय) नियमावली २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२, अपराध पीडित संरक्षण ऐन, २०७५, लैंगिक समानता सम्वन्धी नीति २०७७ लगायतका लैङ्गिक हिंसाको अन्त्य र समानताका लागि कानुनी व्यवस्थाहरु समेत गरिएको छ । म्यागङ गाँउपालिकाको तर्फबाट पनि लैङ्गिक समानता र लैङ्गिकताका आधारमा हुने हिंसाको अन्त्यका लागि विभिन्न कार्यक्रमहरुको व्यवस्था गरी कार्यान्वयन गरिएको छ। गाँउपालिकाका तर्फबाट भएका प्रयासहरुलाई थप व्यवस्थित गर्दै लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक र लैङ्गिकमैत्री गाँउपालिकाको निर्माण गर्ने सङ्कल्प गर्दै लैङ्गिक समानता सम्बन्धी नीति, २०७८ पारित गरी लागु गरिएको छ ।

## २. गाँउपालिकामा लैंगिक समानताको अवस्था

लैससास सम्वन्धी अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस गाउँपालिकामा लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखिएको छ । गाँउपालिकामा अपाङ्गता सम्वन्धी कार्यविधीको व्यवस्था छ । गाउँपालिकास्तरीय तथा वडास्तरिय बाल क्लव सञ्जाल, महिला संजाल, अपाङ्गता संजाल, समावेशी कृषक संजालहरु रहेको छन् । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरीएको छ । लैससाससँग सम्वन्धित सवालहरुलाई हेर्ने गरी गाउँपालिकामा महिला तथा बालवालिका शाखा रहेको छ । महिला तथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुका लागि सशक्तिकरण कार्यक्रमहरु संचालन गरिएका छन् । वेचविखनको जोखिममा रहेका महिला तथा वालवालिकाहरुको सुरक्षाका लागि कार्यक्रमहरु संचालन गरिएका छन् ।

## ३. समस्याः

घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदिशिक रोजगारका नाममा हुने ओसारपसार तथा बेचबिखन लगायत लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिकाप्रति हुने हिंसा यस क्षेत्रको प्रमुख समस्याका रुपमा रहेका छन् । परम्पराका नाममा प्रचलनमा रहेका खराब अभ्यासहरु जस्तै बोक्सी, बाल विवाह, बहुविवाह, दाईजो प्रथाले महिला किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसा कायम नै छ । सामाजिक मूल्य मानयता, सामाजिक सम्बन्ध एवम् सोचको कारणबाट लैङ्गिक भूमिकामा परिवर्तन आउन नसक्नु, महिलाको विकासमा पुरुषको सहभागिता न्यून रहनु, महिलाको आर्थिक सशक्तिकरण हुन नसक्नु, महिलाको घरेलु कामकाजलाई आर्थिक पक्षसँग जोडेर नहेरिनु, श्रम बजारमा महिला र पुरुषबीच विभेद रहनु, सबै क्षेत्रका निर्णायक तहमा महिलाको न्यून सहभागिता रहनु, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको खण्डीकृत तथ्याङ्क नहुनु जस्ता समस्या यस गाउँपालिकामा विद्यमान छन् ।

## चुनौती

सामाजिक संरचना र सोच परिवर्तन गर्नु, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भूमिका वृद्धि गर्नु, सार्वजनिक नीतिमा लैङ्गिक मूलप्रवाहीकरण गर्नु, लङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बढाउनु, हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्नु, गाउँपालिकामा लैङ्गिक सवाललाई आन्तरिकीकरण र संस्थागत गर्नु, महिलाको पुर्नउत्पादन, उत्पादन र सामाजिक भूमिकालाई सन्तुलन गर्नु, खास लक्षित समूहलाई लाभान्वित बनाउनु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकास मार्फत महिला तथा किशोरीमाथि हुने सबै किसिमका विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस गाउँपालिकाको चुनौती हुन् ।

## नीतिको आवश्यकता र औचित्य

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनसंरचना र अधिकारको बाँडफाँटको कार्यान्वयनलाई प्रभावकारी बनाउन, दिगो विकासको लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरी समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ । नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गरी लैङ्गिक समानता कायम गर्नका

लागि लैङ्गिक समानता नीति आवश्यक रहेको छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता हुन सकेको छैन् । लक्षित वर्गका कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैन । बालविवाहको अभ्यास कायमै रहेको छ । गाँउपालिका तहमा लैससासलाई नीतिगत रुपमा सम्वोधन गर्दै संरचना, कार्यक्रम र अभ्यासमा लैंगिकमैत्री अभ्यासलाई अवलम्वन गर्नका लागि लैंगिक समानता नीतिको आवश्यकता रहेको छ

लैङ्गिक समानताकाक्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट भएका सुधारका पहलहरूलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न यस नीतिले मूल नीतिको रुपमा मार्गनिर्देश गर्नेछ । यस नीतिले सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, योजना एवम् कार्यक्रममा सामान्जस्यता ल्याउन समन्वय गर्नेछ ॥

## ४. सोच, लक्ष्य र उद्देश्यहरु

### दीर्घकालीन सोच

लैङ्गिक समानतायुक्त गाउँपालिका निर्माण ।

### सोचको परिदृश्य

गाउँपालिका भित्रका सबै क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणको माध्यमबाट लैङ्गिक समानता कायम गर्ने ।

### लक्ष्य

महिलाको आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तिकरण सहित कानूनी तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बीच समानता स्थापित गर्ने ।

### उद्देश्य

1. महिला, किशोरी तथा बालिकाको सामाजिक तथा आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु ।
2. लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानतामा आधारित समाज स्थापित गर्नु ।
3. लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु ।
4. महिलाको आर्थिक सशक्तिकरण गर्नु ।

### रणनीति

1. विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिक मैत्री बनाउने र सकारातमक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने । (उद्देश्य १)
2. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायदारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने । (उद्देश्य २)

3. कानूनी प्राब्धान, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट गाउँपालिकामा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने । (उद्देश्य ३)
4. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता बृदि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने । (उद्देश्य ४)
5. स्वरोजगार, रोजगारी, उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने । (उद्देश्य ४)
6. स्रोत साधनमाथि महिलको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने । (उद्देश्य ४)

## नीति तथा कार्यनीति

रणनीति १:विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने ।

## नीति तथा कार्यनीति

(क) महिला, किशोरी तथा बालिकालाई संविधान प्रदत्त मौलिक हक तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गरिनेछ ।

(ख) विभिन्न कार्यक्रमका माध्यमबाट विभेदमा परेकाको विशेष संरक्षण गरिनेछ ।

(ग) महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकरी ढङ्गले सञ्चालन गरिनेछ ।

(घ) सार्वजनिक तथा निजी भौतिक संरचनाको लैङ्गिकमैत्री मापदण्ड निर्माण गरी लागू गरिनेछ ।

(ङ) महिलाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

(च) परिवार, समाज तथा कार्यस्थलमा महिलाप्रति मर्यादित व्यवहार तथा भाषा शैलीलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस्था कार्यक्रममा खासगरी वडा तहका निर्वाचित महिला प्रतिनिधि, विद्यालय तथा अभिभावक, टोल सुधार समिति, स्थानीय सङ्घ संस्था, आमा समूह, बालक्लब, बालबालिका सञ्जाल र किशोरी समूह लगायतका सामुदायिक संस्थाहरुलाई क्रियाशील बनाइनेछ ।

(छ) लैङ्गिक भूमिकामा रुपानतरण सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह, परिवार र व्यक्तिलाई सम्मान लगायतका प्रवर्द्धनात्मक कार्य गरिनेछ ।

(ज) सञ्चार माध्यमबाट नियमित रुपमा लैङ्गिक समानता तथा महिला, किशोरी र बालिकाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्नुका साथै श्रव्य-दृश्य सामग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाईनेछ ।

(झ) लैङ्गिक समानता र महिला विकासका अभियानमा पुरुषको सहभागिता अभिवृद्धि गर्दै लगिनेछ ।

रणनीति २:निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने ।

## नीति तथा कार्यनीति

(क) महिला, किशोरी तथा बालिकामाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।

(ख) लैङ्गिक हिंसाको अन्त्यका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

(ग) कार्यस्थल तथा सार्वजनिक स्थलहरुमा महिला, किशोरी र बालिकामाथि हुने भेदभाव एवम् यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ ।

(घ) लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ र यस कार्यमा सम्बन्धित कर्मचारी/पदाधिकारीलाई जिम्मेवार बनाउन दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

(ङ) हिंसा पीडित/प्रभावित, मानव बेचबिखनमा तथा ओसारपसारमा परेका महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि सुरक्षा, संरक्षण तथा पुनस्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

(च) हिंसा पीडित/प्रभावितलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ । साथै, यस्ता पीडित र प्रभावितका लागि जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।

(छ) महिला हिंसा र त्यसको व्यवस्थापन सम्बन्धी सूचना प्राप्त गर्न महिला, बालबालिका सम्बन्धी हेल्पलाईन स्थापना र विस्तार गरिनेछ ।

(ज) लैङ्गिक हिंसा विरुद्ध समुदाय, नागरिक समाज, गैरसरकारी संस्था ताथ निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।

(झ) लैङ्गिक हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ । यस कार्यमा सामाजिक सङ्घ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सक्रिय रुपमा परिचालन गरिनेछ ।

(ञ) बढ्दो साइबर अपराधका विषयमा महिला, किशोरी तथा बालिकालाई सुसूचित गराउँदै यस्था अपराधलाई नियन्त्रण गरिनेछ ।

(ट) हिंसा प्रभावित र वैदेशिक श्रम बजारमा रोजगारीका क्रममा जोखिममा परेका महिलाको आर्थिक सशक्तिकरणका लागि आवश्यकता अनुसार तालिम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यमा आवश्यकता अनुसार गैरसरकारी संस्थासँग साझेदारी गरिनेछ ।

(ठ) महिनावारीलाई छुवाछुटका रुपमा लिने तथा छाउपडी बार्ने प्रथा जस्ता लैङ्गिक विभेद र हिंसाको अभ्यासलाई अन्त्य गर्न समुदायको सक्रियतामा मर्यादित महिनावारी सम्बन्धी प्रबर्द्धनात्मक क्रियाकलापलाई गाउँपालिकाको कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरी बाल क्लब/सञ्जाल, युवा क्लब, किशोरी समूह, आमा

समूह, लगायत समुदायमा आधारित संस्थाहरुको सक्रियतामा सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ ।

(ड) विद्यालयबाट सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा महिनावारीको वैज्ञानिक पक्षका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ । यस्ता कार्यक्रममा अभिभावकलाई समेत सहभागी गराइनेछ ।

(ढ) बालविवाह, बहुविवाह एवम् दाईजो जस्ता वैवाहिक परम्परासँग गाँसिएका कुरीतिको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानूनको कार्यान्वयन र नियमलाई प्रभावकारी बनाईनेछ ।

(ण) बोक्सी प्रथा विरुद्ध शून्य सहनशीलताको कानूनी व्यवस्थलाई कार्यान्वयन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(त) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियाान सञ्चालन गरिनेछ । यस्ता व्यक्तिहरुलाई आत्मनिर्भर र स्वरोजगारीका लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुका साथै नियमकारी उपाय समेत अवलम्बन गरिनेछ ।

रणनीति ३:कानूनी प्रबन्ध संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट गाउँपालिकामा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

## नीति तथा कार्यनीति

(क) लैङ्गिक उत्तरदायी नीति, योजना तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(ख) लैङ्गिक समानता नीति कार्यान्वयन गर्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) वडातहको गाउँपालिकामा कानून निर्माण तथा कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई लैङ्गिक संवेदनशीलता, लैङ्गिक रुपान्तरण र लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाबारे अभिमुखीकरण गरिनेछ ।

(घ) लैङ्गिक उत्तरदायी बजेट प्रणालीलार्य गाउँपालिकामा संस्थागत गरिनेछ ।

(ङ) सार्वजनिक नीति निर्माण, कार्यान्वयन तथा लाभको बाँडफाँटमा महिला सशक्तिकरणको विषय, बजेट तथा कार्यक्रम निर्माणमा महिला सहभागिता एवम् लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयन समेतलाई विश्लेषण गर्न लैङ्गिक तथा न्भ्क्क परीक्षण कार्यको थालनी गरिनेछ ।

(च) सार्वजनिक तथा निजी क्षेत्रका लागि कार्यस्थलमा लैङ्गिक समानता आचार संहिता तथा उजुरी एवम् सुनुवाई संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(छ) खण्डीकृत तथ्याङ्क सहितको लैङ्गिक सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ । यस्तो प्रणालीलाई अनलाईन रुपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको लैङ्गिक तथा न्भ्क्क का सूचनामा सहज पहुँचको व्यवस्था मिलाइनेछ ।

(ज) गाउँपालिका क्षेत्रमा हुने नियुक्तिमा लैङ्गिक समानता तथा समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

(झ) सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा महिलका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रमा सेवा प्रवाहलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

(ञ) बहुविभेदमा परेका सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता लगायतका वर्गका महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।

(ट) लैङ्गिक समानता र लैङ्गिकमैत्री व्यवहार सम्बन्धी विषयमा खुला छलफल र अन्तरक्रिया गरिनेछ र यस कार्यमा पुरुष अभियन्ता, महिला, किशोरी एवम् लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पैरवीकर्ताको परिचालन गरिनेछ ।

**रणनीति ४:**लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

## नीति तथा कार्यनीति

(क) घरेलु कामकाज र हेरचाह कार्य र अभिभावकीय भूमिकामा महिला र पुरुषको समान भूमिकालाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) महिलाहरुलाई औपचारिक क्षेत्रमा रोजगारीउन्मूख गराउन, घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाउन प्रविधिको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) महिलाको पारिवारिक एवम् व्यावसायिक जीवनबीचको सन्तुलन कायम गर्नेगरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) श्रमप्रतिको सम्मान गर्ने परिपाटी बसाउन विद्यालय शिक्षा एवम् सञ्चार माध्यममा चेतनामूलक सूचना प्रवाह एवम् बहस, सामाजिक अभियान आदि जस्ता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**रणनीति ५:**स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ।

## नीति तथा कार्यनीति

(क) महिलाको समपत्तिमाथि पहुँच बढाउने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गर्ने र महिलको नाममा सम्पत्ति राख्ने प्रक्रियालाई थप सरलीकृत गरिनेछ ।

(ख) व्यावसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी महिलाको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ ।

(ग) कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण लगायतका कार्यक्रममा स्थानीय तहमार्फत् महिलाको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।

(घ) महिला उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परीक्षणको व्यवस्था मिलाउनुका साथै बिक्री केन्द्र को व्यवस्था गरी उत्पादनको एकीकृत बजारीकरणमा जोड दिइनेछ ।

(ङ) विपन्न तथा सीमान्तीकृत महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) व्यापार-व्यवसाय एवम् उद्योग गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिनेछ ।

रणनीति ६:स्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने ।

## नीति तथा कार्यनीति

(क) बजार व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरिनेछ ।

(ख) महिलालाई उद्यमशीलताको विषयमा जानकारी र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन गाउँपालिका तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

(ग) सबै वडामा स्तनपान कक्ष  सञ्चालन गरिनेछ ।

## संस्थागत संरचना

1. यो नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय तथा सहजीकरण गर्न र नीतिमा समसामयिक सुधार लगायत नीतिगत सहजीकरण गर्न उपाध्यक्षको संयोजकत्वमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, कार्यपाकि सदस्य २ जना (१जना महिला सदस्य सहित) सदयहरु तथा प्रमुख प्रशासकिय अधिकृत सदस्य-सचिव रहने गरी एक लैङ्गिक समानता कार्यदल गठन गरिनेछ ।
2. कार्यदलले आवश्यकता अनुसार अन्य पदाधिकारी तथा विषय विज्ञलाई समितिको बैठकमा आमनत्रण गर्न सक्नेछ ।
3. कार्यदलले आवश्यकता अनुसार अन्य समिति, उपसमितिहरु गठन गरी काम गराउन सक्नेछ ।
4. स्थानीय तहमा प्रमुख वा अध्यक्षको संयोजकत्वमा कार्यपालिकाको एक जना महिला सदस्य, आवश्यकता अनुसार विषय विज्ञहरु सदस्य तथा महिला तथा बालबालिका शाखा प्रमुख सदस्य-सचिव रहने गरी नीति कार्यान्वयन तथा समन्वय समिति गठन हुनेछ ।

## कानूनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागू गर्न सकिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले समन्वय र सहजीकारणको भूमिका निर्वाह गर्नेछ ।

## अनुगमन तथा मूल्याङ्कन

(क) यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक लैङ्गिक सूचके विकास गरिनेछ ।

(ख) समितिको बैठकमा लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता नीतिको कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

(ग) आवश्यकता अनुसार नीतिको पुनरावलोकन गरिनेछ ।

## सम्भावित जोखिम न्यूनीकरण योजना

1. परम्परागत हानीकारक अभ्यास तथा समाजमा रहेका हिंसा, विभेद लगायतका अभ्यासहरुले लैससासमा शुरुमा सबैको साथ नरहन पनि सक्दछ । समाजमा विभिन्न खालका लैससासविरुद्धका गतिविधी भईरहदा पनि यस्ता सवालमा आवाज दिनका लागि समाज तयार नहुन सक्दछ । समाजमा हिंसा, विभेद भएको अवस्थामा पनि सरोकारवालाहरु चुप रहन सक्दछन् । यस्ता जोखिमहरुको न्युनिकरणका लागि जनप्रतिनिधिहरुको नेतृत्वमा सामुहिक प्रतिवद्धता अभियान संचालन गरिनेछ । गाँउपालिकाले विभिन्न सरोकारवालाहरुको समन्वयमा नियमित अनुगमन गर्नेछ । गाँउपालिकाका नीति, योजना र कार्यक्रममा महिला तथा बिशोरीहरुको सर्वोत्तम हित प्राथमिकतामा रहनेछ । विशेष लिंग, समुह, समुदायमाथी हुने कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा गाँउपालिकाले शुन्य सहनशिलता अवलम्वन गर्नेछ ।

यस नीतिको प्रकृति र स्वरुप वृहत् तथा साझा सरोकारको विषय भएकाले देहायका थप जोखिम हुनसक्ने अनुमान गरिएको छ :-

(क) लैङ्गिक समानता समबन्धी बुझाइमा विविधता हुन सक्ने ।
(ख) लैङ्गिक समानता नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमतायुक्त र दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितमा हुन सक्ने ।
(ग) लैङ्गिक विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

## जोखिम न्यूनीकरणका उपायहरु

(क) जिम्मेवारी स्पष्ट हुनेगरी यस नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागू गरिनेछ ।
(ख) समन्वय संयन्त्रको रुपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ । लैङ्गिक सवालको विषयमा दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ ।
(ग) गाउँपालिका स्तरमा लैङ्गिक समानताबारे दक्षता भएका व्यक्तिहरुको विज्ञ समूश (Think Tank) निर्माण गरी नितिको अध्ययन एवम् विश्लेषण गरिनेछ ।

## नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन

यो नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गाँउपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि गाँउपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## लैससास अभियानका लागि सरोकारवालाहरु

लैंगिक समानता नीतिको कार्यान्वयनका लागि यससँग सम्वन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि वडागत मुख्य सरोकारवालाहरुको पहिचान वार्षिक रुपमा गरिने छ । यीनै सरोकारवालाहरुसँगको समन्वय, साझेदारी र नेतृत्वमा यो नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।

## १०. नीतिको प्रचार प्रसार

स्थानिय संचार माध्यमहरुसँग सहकार्यता गरी लैंसगक समानता नीति र यसका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । गाँउपालिकाको वेभसाइट, सोसल मिडिया साइटहरुमा यस लैंगिक समानता नीतिमा भएका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । गाँउपालिकाका विभिन्न कार्यक्रमहरुमा पनि यो नीतिको व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ ।

## ११. नीतिको पुनरावलोकन

यो नीतिको प्रत्येक वर्ष वार्षिक समिक्षा गरी समयक्रमअनुसार गर्नुपर्ने पुनरावलोकन गरिनेछ । वार्षिक समिक्षाबाट प्राप्त सुझावहरुलाई गाँउ कार्यपालिकामा पठाई कार्यपालिकाबाट पारित गरी गाँउ सभामार्फत नीतिको पुनरावलोकन सहित कार्यान्वयन गरिनेछ ।

## मुल्य मान्यताहरु

लैंगिक समातनता प्रवर्धनका लागि यस गाँउपालिको निम्न मुल्य मान्यताहरु रहेका छन् । यिनै मुल्य मान्यताको प्रवर्धनमार्फत यो लैससास नीतिका उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुर्‍याइनेछ ।

क. गाँउपालिकाको अगुवाईमा उपलब्ध श्रोत तथा साधनहरुको लैंगिक समानता अभियानमा बढी भन्दा बढी प्रयोग गर्ने,

ख. गाँउपालिकामा लैंगिक विभेद, शोषण, हिंसामा शुन्य सहनशिलता अपनाउने,

ग. विशेष लक्षित समुहको सर्वोत्तम हित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

घ. लैंगिक समानताका लागि प्रभावकारी समन्वय र सहकार्यलाई प्रवर्धन गर्ने

ङ. लैंगिक समानतालाई नीति, संरचना र अभ्यासमा मुलप्रवाहीकरण गर्ने

| |
|---|
| आज्ञाले,<br>पवन कुमार प्याकुरेल<br>प्रमुख प्रशासकीय अधिकृत |